नेपाल सरकार
गृह मन्त्रालय

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
फ्याक्स :०५३-५५०००

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

बारा,
कलैया, नेपाल।

पत्र संख्या:-२०८०/८१
चलानी नं..

मितिः-२०८१।०१।२६ गते

## सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मुल्याङ्कन सम्बन्धी कार्यविधी २०८१ को पालना सम्बन्धी सार्वजनिक सूचना।

नेपालको संविधान र प्रचलित कानुन बमोजिम प्रत्येक व्यक्तिलाई शान्ति पूर्वक रुपमा भेला हुने तथा विचार र अभिव्यक्ति स्वतन्त्रता प्राप्त छ। संविधान र प्रचलित कानुन बमोजिम यसरी प्राप्त अधिकार प्रयोग गर्दा हुने प्रदर्शन, जुलुस वा अन्य विरोधका कार्यक्रमहरुवाट सरकारी, सार्वजनिक एवं निजी सम्पति क्षति हुने गरेको सन्दर्भमा शान्ति पूर्वक भेला हुने अधिकारलाई व्यवस्थित गर्ने र प्रदर्शन एवं विरोध कार्यक्रमबाट हुने क्षति रोक्ने उद्देश्यसाथ गृह मन्त्रालयले "सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मुल्याङ्कन सम्बन्धी कार्यविधी २०८१" जारी गरेको छ। उक्त कार्यविधि यस कार्यालयको वेबसाईट https://daobara.moha.gov.np/ बाट प्राप्त गर्न सकिनेछ। सो सम्बन्धमा आगामी दिनमा बारा जिल्ला भित्र विभिन्न राजनैतिक दल तथा भातृ संगठनहरु, संगठित संस्था, गैर सरकारी संघ संस्था, व्यक्ति वा समूहवाट गरिने सार्वजनिक प्रदर्शन, धर्ना, जुलुस विरोध लगायत कार्यक्रम गर्दा उक्त कार्यविधिको पूर्ण पालना गर्नु हुने गरी यस कार्यालयबाट स्विकृती लिई गर्नु हुन सम्बन्धि सबैमा सूचित गरिन्छ। यस विपरित सार्वजनिक वा निजी सम्पति हानी नोक्सानी भएमा कार्यविधि बमोजिम आयोजकबाट क्षति मूल्याङ्कन र पूर्नभरण गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

...................................
छविरमण भट्टराई
(स.प्रमुख जिल्ला अधिकारी)

कायम मुकायम प्रमुख जिल्ला अधिकारी